गाउँसभाबाट स्वीकृत मिति:- २०७४।३।२५

बैतेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

# बैतेश्वर गाउँ सभाको संचालन सम्बन्धी (कार्यविधि) नियमावली -२०७४

## १. प्रस्तावनाः

प्रस्तावनाः नेपालको संविधानको धारा २२७ मा भएको व्यवस्था बमोजिम प्रदेश कानून निर्माण भई नसकेकोले प्रदेश कानून लागू भएपछि सोही बमाजिम हुने गरी गाउँसभाको कार्य सञ्चालन गर्न र बैठकको सुव्यवस्था कायम राख्न, अबश्यक भएकोले यो वैतेश्वर गाउँपालिकाको गाउँसभा सञ्चालन सम्बन्धी नियमावली २०७४ गाउँसभाबाट स्वीकृत भएको मिति २०७४।३।२५ देखी लागू हुने गरी जारी गरिएको छ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावली मा,-

(क) "गाउँसभा" भन्नाले बैतेश्वर गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ख) "सभाको अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष वा गाउँसभाको अध्यक्षता गरी रहेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले गाउँपालिकाको सदस्य सम्झनु पर्दछ । सो शब्दले गाउँ कार्यपालिकाका सदस्यहरुलाई समेत जनाउनेछ ।

## ३. सभा संचालन प्रक्रिया

३.१ सभालाई सुव्यवस्थित गर्ने काम सभाको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

३.२ अध्यक्षको आसनको सम्मान र आदर गर्नु सवै सदस्यको कर्तव्य हुनेछ ।

३.३ सभामा छलफल विषय सुचिका आधारमा सभाको अध्यक्षता गर्ने व्यक्तिले तोके बमेजिम हुनेछ ।

३.४ सभाको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

३.५ एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्नु हुदैन ।

## ४. गाउँसभा

४.१ गाउँसभा समान्यतया कम्तीमा वर्षको दुई पटक बस्नेछ । एउटा सभा र अर्को सभाको अन्तर ६ महिना भन्दा बढी हुने छैन ।

२५।३।७४

छवि लामा
अध्यक्ष

४.२ गाँउसभाको अध्यक्षता गाउँपालिकाका अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सभामा उपाध्यक्षले गाउँसभाको अध्यक्षता गर्नेछ ।

५.३ गाउँसभा गाउँकार्यपालिकाको निर्णय अनुसार अध्यक्षको निर्देशनमा कार्यकारी अधिकृतले बोलाउनेछ ।

## ५. सभा बस्ने स्थान र समय

५.१ गाउँसभा गाउँकार्यपालिकाले निर्णय गरी तोकेको स्थानमा बस्नेछ ।

५.२ गाउँसभाको लागि सुचना गर्दा सभा बस्ने मिति, समय र स्थान खुलाई पठाउनु पर्नेछ ।

५.३ यसरी सुचना गर्दा सभा बस्ने समयभन्दा कम्तिमा १० दिन अगावै उपलब्ध गराउनु पर्नेछ ।

## ६. छलफलको विषय

६.१ गाउँसभा बोलाउँदा सो सभामा छलफलमा गरिने विषय किटान गरी सभा बस्ने मिति भन्दा सामान्यतया ३ दिन अगाडी कार्यकारी अधिकृले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

६.२ अध्यक्षको निर्देशनमा कार्यकारी अधिकृतले गाउँसभाको कार्यक्रम लिखित रुपमा तयार गर्नेछ ।

## ७. उपस्थिति

७.१ सभामा उपस्थिति प्रत्येक सदस्यले उपस्थिति पुस्तिकामा आफनो नाम र बुझीने गरी दस्तखत गर्नु पर्नेछ ।

७.२ कार्यकारी अधिकृतले गाउँ सभामा सचिवको रुपमा उपस्थिति भई उपस्थिति पुस्तिकामा उपस्थिति जनाई दस्तखत गर्नु पर्नेछ ।

७.३ गाँउसभाका सदस्यहरु, सभाका अध्यक्षले सभालाई जानकारी गराई वा कार्यपालिकाले निर्णय गरी सभाका अध्यक्षले आमन्त्रण गरेका विशिष्ठ व्यक्तित्वहरु र गाँउसभाका कार्यकारी अधिकृतले तोकेका गाउँपालिकाका कर्मचारी बाहेक सभामा अन्य कुनै पनि व्यक्तिलाई प्रवेश गर्न दिइने छैन ।

## ८. सभा संचालन प्रक्रिया

८.१ सभालाई सुव्यवस्थित गर्ने काम सभाको अध्यक्षता गर्ने व्यक्तिको हुनेछ ।

८.२ अध्यक्षको आसनको सम्मान र आदर गर्नु सभाका प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

८.३ सभाको छलफल विषय सुचीका आधारमा सभाको अध्यक्षता गर्ने व्यक्तिले तोके बमोजिम हुनेछ ।

छवि लामा
अध्यक्ष

८.४ सभाको छलफलमा भाग लिने सदस्यले बोल्ने पालो तथा बोल्न पाउने समयको अवधि सभाको अध्यक्षता गर्ने व्यक्तिले निर्धारण गरे बमोजिम हुनेछ ।

८.५ एक जना सदस्यले बोलिरहेको समयमा अर्को कुनै सदस्यले बीचमा कुरा काट्नु हुदैन ।

**९ सभाको सामान्य कार्यविधि**

९.१ दैनिक कार्यसूची : (१) अध्यक्षको निर्देशानुसार कार्यकारी अधिकृतले प्रत्येक दिनको कार्यसूची तयार गर्नेछ र त्यसको एक प्रति सामान्यतया एक दिन अगावै प्रत्येक सदस्यलाई उपलब्ध गराइनेछ ।

तर विशेष परिस्थितिमा अध्यक्षको निर्देशानुसार सभा बस्ने एक घण्टा अगावै कार्यसूची तयार गरी त्यसको एक प्रति प्रत्येक सदस्यलाई उपलब्ध गराउन सकिनेछ ।

९.२ यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षको अनुमति नलिई कुनै दिनको कार्य सूचीमा नपरेको कुनै विषयमाथि सो दिन छलफल गर्न सकिने छैन ।

९.३ अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक सूचना दिनु पर्ने कुनै पनि कार्य आवश्यक अवधि र अन्य प्रक्रिया पूरा नभएसम्म दैनिक कार्यसूचीमा राखिने छैन ।

९.४ समयावधिको निर्धारण: (१) अध्यक्षले सभामा पेश हुने विषयमाथि छलफल गर्न समयावधि तोक्नेछ ।

९.५ उपनियम (१) बमोजिम तोकिएको समयावधि समाप्त भएपछि यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षले अरू छलफल हुन नदिई सो विषयको टुङ्गो लगाउन आवश्यक सबै प्रश्नहरू निर्णयार्थ सभामा प्रस्तुत गर्नेछ ।

९.६ सूचना दिने तरिका : यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक सदस्यले सूचना दिँदा सभा वस्ने समय भन्दा ४ घण्टा अगाडी कार्यकारी अधिकृतलाई दिनु पर्नेछ ।

९.७ सूचनामा संशोधन : कुनै सूचनामा आपत्तिजनक, व्यंग्यात्मक, अनावश्यक, अनुपयुक्त वा असम्बद्ध शब्द वा वाक्यांश प्रयोग भएको लागेमा अध्यक्षले त्यस्तो सूचना वितरण हुनुभन्दा अघि उपयुक्त संशोधन गर्न वा गराउन सक्नेछ ।

९.८ कागजपत्रको वितरण: (१) कार्यकारी अधिकृतले आवश्यक कागजपत्र एवं सूचनाहरू सदस्यहरूलाई उपलब्ध गराउनेछ ।

९.१० सभाको प्रारम्भ: सभाकक्षमा अध्यक्षको आगमन भई राष्ट्रिय धुन बजे पछि सभा प्रारम्भ हुनेछ ।

**१०. सभामा पालन गर्नु पर्ने नियमहरू:** सभामा देहायका नियमहरू पालन गर्नु पर्नेछ :-

(क) अध्यक्ष सभाकक्षमा प्रवेश हुँदा सबैले सम्मान प्रकट गर्न उठ्नु पर्छ ।

(ख) अध्यक्षले सभाप्रति सम्मान प्रकट गरी आफ्नो आसन ग्रहण गर्नु पर्छ ।

(ग) सभा स्थगित भई अध्यक्ष सभाबाट बाहिर निस्केपछि मात्र अरु सदस्यहरुले सभाकक्ष छाड्नु पर्छ ।

(घ) सभामा भाग लिने सदस्यले बोल्दा अध्यक्षलाई सम्बोधन गरेर मात्र बोल्नु पर्छ र अध्यक्षले अन्यथा आदेश दिएमा बाहेक उभिएर बोल्नु पर्छ ।

(ङ) अध्यक्षले सभालाई सम्बोधन गरिरहेको समयमा कुनै पनि सदस्यले स्थान छाड्नु हुँदैन र अध्यक्षले बोलेको कुरा शान्तिपूर्वक सुन्नु पर्छ ।

(च) अध्यक्षको आसन र बोलिरहेको सदस्यको बीचबाट हिँड्नु हुँदैन ।

(छ) कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न वा सभाको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नु हुँदैन ।

(ज) सभाकक्षमा अध्यक्षको सामुन्नेबाट वारपार गरी हिँड्न वा अध्यक्षको आसनतर्फ पिठ्यूँ फर्काएर बस्न हुँदैन ।

(झ) सभाको कार्यसँग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचारपत्र वा अन्य कागजपत्रहरु पढ्नु हुँदैन । )

**११. छलफलमा भाग लिने सदस्यले पालन गर्नु पर्ने नियमहरुः** सभामा हुने छलफलमा भाग लिने सदस्यले देहायका नियमहरूको पालन गर्नु पर्नेछ :-

(क) अध्यक्षको ध्यानाकर्षण गर्नको निमित्त उठ्नु पर्नेछ र अध्यक्षले निजको नाम बोलाएपछि वा इशारा गरेपछि मात्र बोल्नु पर्नेछ ।

(ख) अध्यक्षले पद अनुकूल आचरण गरेको छैन भन्ने प्रस्तावको छलफलको क्रममा बाहेक अध्यक्षको आचरणको आलोचना गर्नु हुँदैन ।

(घ) व्यक्तिगत आक्षेप लगाउन हुँदैन ।

(ङ) अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शब्द बोल्नु हुँदैन ।

(च) सभा वा अध्यक्षको कुनै निर्णय बदर गरियोस् भन्ने प्रस्तावमाथि बोल्दाको अवस्थामा बाहेक सभा वा अध्यक्षको कुनै पनि निर्णयको आलोचना गर्नु हुँदैन ।

(छ) बोल्न पाउने अधिकारलाई सभाको कार्यमा बाधा पार्ने मनसायले दुरूपयोग गर्नु हुँदैन ।

**१२. छलफलमा बोल्ने क्रमः** सभामा बोल्ने र उत्तर दिने क्रम देहाय बमोजिम हुनेछ :-

(क) प्रस्ताव पेश गर्ने सदस्यले बोलिसकेपछि अध्यक्षले नाम बोलाएको वा इशारा गरेको क्रम बमोजिमका सदस्यले बोल्न पाउनेछन् ।



छवि लामा
अध्यक्ष

(ख) यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक अध्यक्षको अनुमति विना कुनै सदस्यले एउटै प्रस्तावमा एक पटक भन्दा बढी बोल्न पाउने छैन ।

(ग) प्रस्ताव पेश गर्ने सदस्यले उत्तर दिनको निमित्त छलफलको अन्त्यमा फेरि बोल्न पाउनेछ ।

(घ) प्रस्तावमा संशोधन पेश गर्ने सदस्यलाई अध्यक्षको अनुमति विना उत्तर दिने अधिकार हुने छैन ।

(ङ) प्रस्ताव पेश गर्ने सदस्यले उत्तर दिइसकेपछि छलफल समाप्त भएको मानिनेछ ।

१३. **निर्णयार्थ प्रश्न पेश गर्ने विधिः** (१) प्रस्तावमाथि छलफल समाप्त भएपछि सो प्रस्तावको पक्षमा हुने सदस्यहरूलाई "हुन्छ", विपक्षमा हुने सदस्यहरूलाई "हुन्न" र तटस्थ रहन चाहने सदस्यहरुलाई "मत दिन्न" भन्ने शब्द सुनिने गरी उच्चारण गर्नु भनी अध्यक्षले प्रश्नहरू क्रमशः निर्णयार्थ पेश गर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रस्तावलाई निर्णयार्थ पेश गरेपछि अध्यक्षले "हुन्छ" वा "हुन्न" भन्ने सदस्यहरूमध्ये जुन पक्षको बहुमत भएको ठहऱ्याउँछ सो कुराको घोषणा गर्नेछ र अध्यक्षको विचारप्रति असहमति प्रकट नगरिएमा सभामुखको घोषणा गाउँसभाको निर्णय मानिनेछ । यसरी निर्णयको निमित्त प्रस्तुत प्रस्तावमा हुन्छ, हुन्न र मत दिन्न भन्ने मतको संख्या एकिन गरी अभिलेख राख्नु पर्नेछ ।

(३) अध्यक्षद्वारा कुनै प्रस्ताव निर्णयार्थ पेश गरिसकेपछि सो प्रस्तावमाथि छलफल गर्न वा संशोधन प्रस्तुत गर्न वा स्थगन प्रस्ताव पेश गर्न पाइने छैन ।

१४. **विभाजनः** अध्यक्षको विचारप्रति आ-आफ्नो स्थानमा उभिई असहमति प्रकट गरेमा अध्यक्षले "हुन्छ", "हुन्न" र "मत दिन्न" भन्ने सदस्यहरूलाई देहाय बमोजिमको कुनै तरिकाले विभाजन गरी मत सङ्कलन गर्नेछ :-

(क) प्रत्येक सदस्यलाई "हुन्छ" वा "हुन्न" वा "मत दिन्न" भन्ने शब्द उच्चारण गर्न लगाई,

(ख) "हुन्छ" वा "हुन्न" वा "मत दिन्न" भन्ने पूर्जा वितरण गरेर,

(ग) "हुन्छ" र "हुन्न" भन्ने दुबै थरी सदस्यहरूलाई भिन्नाभिन्नै ढोकाबाट उपकक्ष (लवी) मा प्रवेश गराएर र "मत दिन्न" भन्ने सदस्यहरुलाई यथास्थानमा नै राखेर, वा

(घ) अन्य कुनै तरिकाबाट खुल्ला वा गोप्य मत प्रकट गर्न लगाएर ।

१५. **सभा स्थगित गर्ने अधिकारः** सभा कक्षभित्र अव्यवस्था भई वा हुन लागी सभा नियमित रूपले सञ्चालन गर्न बाधा पर्ने देखिएमा अध्यक्षले सो दिनको कुनै समयसम्म वा आफूले तोकेको अवधिसम्मको लागि सभा स्थगित गर्न सक्नेछ । अध्यक्षले गरेको त्यस्तो स्थगनमाथि कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन ।

१६. **प्रस्ताव बिना छलफल गर्न नसकिने:** (१) संविधान र यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रस्ताव बिना सभामा कुनै कुरा माथि छलफल गर्न सकिने छैन ।

गाउँ कार्यपालिकाको कार्यालय २०७३

## १७. राजस्व र व्ययको अनुमान सम्बन्धी कार्यविधि

**१७.१ राजस्व र व्ययको अनुमानः** (१) संविधानको धारा २३० बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकले गाउँसभामा राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नेछ । गाउँसभामा बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा देहाय विषयहरु समेत तयार गरी पेश गर्नु पर्नेछ:

(क) स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम

(ख) स्थानीय तहको गत आ.व.को यथार्थ, चालु आ.व.को संशोधित अनुमान र आगामी आ.व.को अनुमानित आय व्ययको विवरण

(ग) आगामी आर्थिक वर्षको लागि प्रस्तावित राजस्व / करका दरहरु

(घ) स्थानीय तहको वार्षिक विकास कार्यक्रम (आयोजना/कार्यक्रमको विवरण)

(ङ) विनियोजन विधेयक

(च) आर्थिक विधेयक

(२) उपनियम (१) बमोजिम राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत भएपछि सभामा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकले राजस्व र व्ययको वार्षिक अनुमान, विनियोजन विधेयक र आर्थिक विधेयक टेबुल गर्नेछ ।

(३) राजस्व र व्ययको वार्षिक अनुमान टेबुल गरिएको दिन त्यसमा छलफल गरिने छैन ।

(४) बजेट तथा कार्यक्रम सम्बन्धी छलफलको क्रममा कुनै शीर्षकमाथि उठेको प्रश्नको जवाफ सम्बन्धित बजेट तथा कार्यक्रम तर्जूमा समितिका संयोजकले छलफलको अन्त्यमा दिनेछ ।

## १८. निर्णय सम्बन्धी

१८.१ प्रस्ताव माथि बोल्ने क्रम समाप्त भएपछि सभाको अध्यक्षता गर्ने व्यक्तिले सो प्रस्ताव निर्णयको लागि प्रस्तुत गर्नेछ ।

१८.२ सभाको निर्णय सामान्यतया सर्वसम्मतिको आधारमा हुनेछ । मत विभाजन हुने अवस्थामा अध्यक्षता गर्ने व्यक्ति सहित बहुमत सदस्यको निर्णय सभाको निर्णय मानिनेछ ।



छवि लामा
अध्यक्ष

**१९. निर्णयको अभिलेख**

१९.१ कार्यकारी अधिकृतले सभामा भएको निर्णयलाई निर्णय पुस्तिकामा अभिलेख गरी उपस्थित सदस्यलाई सही गराई राख्नुपर्नेछ ।

१९.२ सभामा भएको कुनै निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णय पुस्तिकामा छोटकरीमा आफनो फरक मत जगाउन सक्नेछ ।

२०. **विधेयकको प्रमाणीकरणः** (१) गाउँ सभाबाट पारित विधेयक अध्यक्षले प्रमाणीकरण गरेपछि ऐन बन्नेछ ।

(२) प्रमाणिकरण गरिएको ऐनको १/१ प्रति देहायको निकायमा पठाउनु पर्नेछ ।

(क) स्थानीय सरकार सँग सम्वन्धित संघीय सरकारको मन्त्रालयमा ।

(ख) स्थानीय सरकारसँग सम्वन्धित प्रदेश सरकारको मन्त्रालयमा ।

(ग) गाउँकार्यपालिकाको कार्यालयमा ।

(घ) गाउँपालिकाको अभिलेख केन्द्रमा ।

(ङ) गाउँसभाको अधिलेख केन्द्रमा

**२१. बाधा अड्काउ फुकाउने**

२१.१ यस नियमावली कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँसभाले निर्णय गरी फुकाउन सक्नेछ ।

**२२. परिमार्जन तथा संशोधन**

२२.१ कार्यविधिलाई आवश्यकता अनुसार गाउँसभाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

२२.२ प्रदेश सभाबाट गाउँसभा संचालन सम्वन्धी कुनै व्यवस्था भएमा सोही बमोजिम हुनेछ ।

छवि लामा
अध्यक्ष